आज मिति २०७५/१२/२९ गते शुक्रबारका दिन शिवालय गाउँपालिका, सीमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

**तपसिल**

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान बहादुर पुन | वडाध्यक्ष वडा नं. १ |
| श्री प्रेम बहादुर बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडाध्यक्ष वडा नं. ३ |
| श्री तेज बहादुर बुढा | वडाध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडाध्यक्ष वडा नं. ५ |
| श्री भक्त बहादुर थापामगर | वडाध्यक्ष वडा नं. ६ |
| श्री विरबल खत्री | वडाध्यक्ष वडा नं. ७ |
| श्री जसविर वली | वडाध्यक्ष वडा नं. ८ |
| श्री दिपक बहादुर खड्का | वडाध्यक्ष वडा नं. ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो बादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री विपना बुढा | कार्यपालिका सदस्य |
| श्री धनीराम शर्मा | सचिव |

प्रस्तावहरु

१. भकारो तथा गोठेमल सुधार कार्यक्रम सम्वन्धमा ।

२. वृक्षारोपण हेरालु खर्च सम्वन्धमा ।

३. पदाधिकारीहरुको सञ्चार खर्च सम्वन्धमा ।

४. विद्यालयमा ब्लक वितरण सम्वन्धमा ।

५. मोटरसाइकल मर्मत खर्च सम्वन्धमा ।

६. तलब भत्ता रोक्का सम्वन्धमा ।

७. शैक्षिक अन्तर्क्रिया कार्यक्रम सम्वन्धमा ।

८. सभाहलको तला थप गर्ने सम्वन्धमा ।

९. सशर्त छात्रवृत्ति वितरण सम्वन्धमा ।

१०. पैदल मार्ग निर्माण सम्वन्धमा ।

११. जग्गा खरिद सम्वन्धमा ।

१२. विविध/अन्य प्रासाङ्गिक विषय ।

## निर्णय नं. १

प्रस्ताव नं. १ छलफल गर्दा यस शिवालय गाउँपालिकाको आ.व. २०७५/७६ को स्वीकृत वार्षिक विकास कार्यक्रमको अधिनमा रही भकारो तथा गोठेमल सुधार कार्यक्रमलाई यसै गाउँपालिकाको वडा नं. ४ मा वडासमितिवाट निर्धारण गरिएका २२ वटा घरधुरीमा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

## निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल गर्दा शिवालय गाउँपालिकाको वडा नं. १ छेडाचौरमा सडकको छेउछाउमा रोपिएका विरुवाहरुको रेखदेख, स्याहार सम्भार र सिंचाई गर्नुहुने शिवालय १ निवासी श्रीमती अम्विका रेग्मीलाई दैनिक रु. १०० का दरले असोजदेखि चैत्र मसान्तसम्मको सात महिनाको जम्मा रु. २१,००० विविध खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

प्रमाणित

## निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा शिवालय गाउँपालिकाका पदाधिकारीलाई **कर्णाली प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सेवा सुविधा तथा पारिश्रमिक सम्बन्धी ऐन २०७५** को अधिनमा रही नियमानुसार पाउने सञ्चार सुविधा पारिश्रमिक भुक्तानीसँगै निजहरुको बैंक खातामा जम्मा गरिदिने निर्णय गरियो ।

## निर्णय नं. ४

प्रस्ताव नं. ४ मा छलफल गर्दा शिवालय गाउँपालिकाको लागि प्राप्त सशर्त अनुदानअन्तर्गतको विद्यालय क्षेत्र सुधार कार्यक्रमका लागि प्रदान गरिएको दुइवटा भवन निर्माणका लागि यसै गाउँपालिकाको वडा नं. ७ स्थित बालज्योति प्रावि मान्टुडा र वडा नं. १ स्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालय सिस्नेमा तोकिएको मापदण्डमा रही भवन निर्माण गर्ने निर्णय गरियो ।

## निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गर्दा शिवालय गाउँपालिकाको नाममा रहेका मोटरसाइकलहरु मर्मतका लागि यसअघि निर्धारण गरिएको मर्मत खर्च समय सान्दर्भिक नरहेकोले चालु आ.व. देखि लागु हुनेगरी उक्त रकम वार्षिक रु. १८,००० प्रति मोटरसाइकल मर्मत खर्च दिने निर्णय गरियो ।

## निर्णय नं. ६

प्रस्ताव नं. ६ मा छलफल गर्दा शिवालय गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य चौकिहरुमा स्वास्थ्यतर्फका कर्मचारीको चरम लापरवाही तथा मनोमानी तरिकाले काज जाने तर सो को जानकारी यस कार्यालयमा नदिने लगायतका अनुशासनहिन काम गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न त्यस्ता कर्मचारीको काज अवधिभरको तलब भत्ता अर्को निर्णय नभएसम्मका लागि रोक्का राख्ने निर्णय गरियो ।

## निर्णय नं. ७

प्रस्ताव नं. ७ मा छलफल गर्दा शिवालय गाउँपालिकाको भवन निर्माणको लागि जिल्ला समन्वय समिति जाजरकोटबाट प्राप्त रकमबाट सभाहलको माथिल्लो तला निर्माण गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. ८

प्रस्ताव नं. ८ मा छलफल गर्दा शिवालय गाउँपालिकाको आ.व. २०७५/७६ को वार्षिक विकास कार्यक्रममा राखिएको सशर्त छात्रवृत्ति अनुदान कार्यक्रमका लागि तोकिएको मापदण्ड र आधारमा आवेदन पेश गर्नुहुने तपसिलका विद्यार्थीहरुलाई अध्ययन पश्चात अनिवार्यरुपमा तोकिएको अवधिसम्म सेवा गर्ने शर्तमा जनही रु.१,२०,००० निजहरुको बैंक खातामा उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| क.सं. | आवेदकको नाम | ठेगाना | अध्ययनरत संस्था |
|---|---|---|---|
| १. | श्री खगेन्द्र बहादुर शाही | शिवालय ५, जाजरकोट | |
| २. | श्री जनक सुनार | शिवालय २, जाजरकोट | |
| ३. | श्री कृष्ण बहादुर राना | शिवालय १, जाजरकोट | |
| ४. | श्री मदन रेग्मी | शिवालय ६, जाजरकोट | |

## निर्णय नं. ९

प्रस्ताव नं. ९ मा छलफल गर्दा शिवालय गाउँपालिकाको वडा नं. २ मा निर्माण सम्पन्न शिलाजु पुल वारीपारी मानिसहरु आवतजावत गर्न कच्ची बाटो पैदलमार्ग निर्माण गर्नुपर्ने भएकोले सो प्राविधिक लागत अनुमानका आधारमा कन्टिन्जेन्सि शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. १०

प्रस्ताव नं. १० मा छलफल गर्दा साविक थलारैकर गाविसको भवन रहेको जग्गा गाविसको नाममा नरहेको र जग्गाधनीले आफ्नो दावी गरिरहेकोले सो जग्गा प्रचलित मुल्यको अधिनमा रही खरिद गर्ने निर्णय गरियो ।

## निर्णय नं. ११

प्रस्ताव नं. ११ मा छलफल गर्दा महिला तथा बालबालिका विभाग पुल्चोक ललितपुरद्वारा प्रस्ताव छनौट भई यस गाउँपालिकामा च्याउ खेती व्यवसाय तालिम सञ्चालनका लागि छनौट भएको श्री महिला समाज उत्थान केन्द्र जाजरकोटलाई सम्झौतामा तोकिए बमोजिमको गाउँपालिकाबाट प्रदान गनुपर्ने रु. २,०५,१२८ म्याचिङ्ग रकम समपुरक कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. १२

प्रस्ताव नं. १२ मा छलफल गर्दा विविध विषयमा छलफल गर्दा यस गाउँपालिकाकाले तपसिलका व्यक्ति, संस्था तथा पदाधिकारीलाई देहायको शिर्षकबाट सहायता तथा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

| क.सं. | व्यक्ति संस्था | रकम | खर्च शिर्षक |
|---|---|---|---|
| १. | ऋषि स्मृति प्रतिष्ठान | रु. ४०,००० | विविध |
| २. | कल्याना झोलुङ्गे पुल मर्मत | रु. २५,००० | कन्टिन्जेन्सी |
| ४. | हिमशिखर आमा समुहको मिलको छाना मर्मतका लागि उक्त समुहलाई | रु. ३०,००० | कन्टिन्जेन्सी |
| ५. | जिल्ला प्रहरी कार्यालयमार्फत जिल्ला कारागारलाई पुस्तकालय व्यवस्थापन गर्न | रु. ५०,००० | विविध खर्च |
| ७. | गुँरासे खानेपानी आयोजनाको इन्टेक मर्मतका लागि | रु.१,१५,००० | खानेपानी मर्मत सम्भार कोष |

मिति २०७५/१२/२९ गते शुक्रबारका दिन शिवालय गाउँकार्यपालिकाको छब्विसौ बैठकबाट उपरोक्तानुसारका निर्णयहरु भएको व्यहोरा प्रमाणित गर्दछु ।

प्रमुख प्रशासकीय अधिकृत